स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता अनमोल केसी अस्वस्थ भएपछि अस्पताल भर्ना भएका छन् । महानगरीय प्रहरी वृत, सिंहदरबारको नियन्त्रणमा रहेका उनलाई थापाथलीस्थित नर्भिक अस्पतालमा भर्ना गरिएको जानकारी प्राप्त छ । उनको स्वास्थ्यमा अचानक समस्या आएपछि अस्पताल भर्ना गरिएको जनाइएको छ । फिल्म 'रावायण'मा काम गर्ने भनेर १० लाख रुपैयाँ पेस्की रकम लिएको तर पछि काम गर्न नमानेको भन्दै निर्देशक कम्पनी सुदर्शन थापा प्रोडक्सनको तर्फबाट सुप्रिया कटुवालले यही असोज ८ गते अनमोलविरुद्ध प्रहरीमा उजुरी दिएकी थिइन् ।

आजको विचार...



सोह्रश्राद्ध... (दुई पेजमा)

डा. नारायणप्रसाद निरौला

यही असोज २६ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको मल्टिस्टारर चलचित्र 'परदेशी २'को बागलुङमा प्रिमियर शो गरिएको छ । चलचित्रको मुख्य भूमिकामा रहेका प्रकाश सपूतको गृहजिल्लामा बेलुका गरिएको प्रिमियरमा अधिकांशले चलचित्रले हाम्रो समाजलाई झल्काएको भन्दै खुलेर प्रसंशा गरेका छन् । युवापुस्तामा बढ्दो विदेश मोहको कथामा निर्माण भएको चलचित्रमा प्रकाश र केकीका साथमा वर्षा शिवाकोटी, प्रशान्त तामाङ, दिलीप रायमाझी, नीर शाह, रमा थपलिया, देवेन्द्र बब्लु, सविन बास्तोला लगायतको अभिनय छ ।



❑ वर्ष २९ ❑ अंक ७६ ❑ २०८० असोज १४ गते आइतबार 1 October 2023, Sunday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### अझै केही दिन वर्षा हुने

**पाल्पा,** असोज १३/आगामी तीन/चार दिनसम्म देशका धेरै स्थानमा आंशिकदेखि सामान्य बदली भई केही स्थानमा मेघगर्जन/चट्याङ सहित हल्कादेखि मध्यम वर्षा हुने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखाले विशेष मौसम बुलेटिन सार्वजनिक गर्दै कोसी, मधेस, गण्डकी र लुम्बिनी प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको जनाएको हो ।

अहिले देशभर आंशिकदेखि सामान्य बदली रही कोसी, मधेस र बागमती प्रदेशका केही स्थानमा र बाँकी प्रदेशका थोरै स्थानमा मेघगर्जन/चट्याङ सहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । रातिको समयमा पनि कोसी र मधेस प्रदेशलगायत देशको पहाडी भूभागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । वर्षाले पहाडी भूभागमा पहिरोको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलामा पानीको सतह केही बढ्नसक्ने र दैनिक जनजीवन तथा सडक, हवाई यातायातसमेत केही प्रभावित हुनसक्ने सम्भावना रहेको भन्दै आवश्यक सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ । साथै, बाली भित्र्याउने बेला पनि भएकाले आवश्यक सतर्कता र पूर्वतयारी अपनाउन सर्वसाधारण तथा सबै सरोकारवाला निकायमा अनुरोध गरिएको छ । नेपालमा यस वर्षको मनसुन बाहिरिन केही दिन ढिलो हुने पनि महाशाखाले जनाएको छ । नेपालमा मनसुन बहिर्गमनको औसत मिति अक्टोबर २ तारिख रहे पनि यस वर्षको मनसुन औसत मितिभन्दा केही दिन ढिलो बाहिरिने सम्भावना रहेको हो । महाशाखाले हाल बङ्गालको खाडीको उत्तर-पश्चिम भागमा विकास भइरहेको न्यूनचापीय प्रभावले मनसुन बहिर्गमन ढिलो हुने प्रक्षेपण गरेको छ ।

## विपद् घटनाको व्यवस्थापन

# आगलागीबाट बच्न टुँडिखेलमा कृत्रिम अभ्यास

**कृष्ण पोखरेल**

**पाल्पा,** असोज १३/ शनिबार बिहान एकाएक तानसेनस्थित टुँडिखेलमा फुसको छानो भएका घरबस्तीमा आगलागी भयो । आगलागी भएको सूचना प्रहरी कन्ट्रोलमा आयो । प्रहरी सेटबाट तत्कालै विपद् व्यवस्थापनलाई जानकारी गराइयो । एम्बुलेन्स र दमकल साइरन बजाउँदै टुँडिखेल पुगे ।

साइरनको आवाजले तानसेनवासीको मन खिच्यो । तानसेनवासीले घरका छत-छतबाट टुँडिखेलमा के भयो भनेर नियालिरहेका थिए । कोही आगो नियन्त्रणमा उपस्थित भएका थिए । आगलागीको घटना थाहा पाउने वित्तिकै नेपाली सेना, शसस्त्र प्रहरी र नेपाल प्रहरीका तालिम प्राप्त अग्नी नियन्त्रकहरु सरसमान लिएर टुँडिखेल पुगे । त्यहाँ लागेको आगो नियन्त्रणाको लागि तानसेन नगरपालिकाको दमकल परिचालन थियो । आगलागीबाट दुईवटा घर जली पुर्णरुपमा नष्ट भए भने ३ जना घाइते भए । दक्ष जनशक्ति परिचालनबाट बस्तीमा लागेको आगो नियन्त्रण गरी थप बस्तीमा आगलागी हुन पाएन । घटनास्थल पुग्ने वित्तिकै दमकलमा खटिएका कर्मचारीले पाइपबाट पानी हालेर आगो निभाए । आगलागी भईरहेका घर भित्र रहेका केही सरसमान, लत्ता कपडा, भाडाँ कुडा तालिम प्राप्त सुरक्षाकर्मीहरुले बाहिर निकाल्न सफल भए । घाइते ३ जनालाई सुरक्षाकर्मीले प्राथमिकता उपचार गरी नेपाल रेडक्रसको एम्बुलेन्समार्फत तत्कालै उपचारको लागि अस्पताल पुऱ्याएको थियो । तर यो वास्तविक घटना भने होइन् । पाल्पा सुरक्षा समितिको आयोजनामा विपद् आइपर्दा कसरी सतर्क रहने भनेर



विपद् कृत्रिम घटना अभ्यास गरी देखाइएको हो । अभ्यास देखाइए पनि घटनामा वास्तविक साना-साना फुसको छानो भएका घरहरू निर्माण गरिएका थिए । बस्ती जस्तो बनाइएको थियो । उद्धार टोलीमा प्रहरी र सेना तथा एम्बुलेन्स र दमकल तयारी थिए । अस्पतालमा स्वास्थ्कर्मी र सम्बन्धित निकायका पदाधिकारीहरू थिए ।

कृत्रिम घटना भए पनि वास्तविकजस्तै बनाइएको थियो । गृहमन्त्रालयको आयोजनामा पाल्पाका तीन वटै सुरक्षा निकायको सहयोग र तानसेन नगरपालिकाको समन्वयमा टुँडिखेलमा आगलागीको कृत्रिम घटना घटाई नियन्त्रणका लागि पूर्व अभ्यास गरिएको हो । घटनामा तिन वटै सुरक्षाकर्मी र स्थानीयवासीको सहयोगमा व्यस्थित योजनाबद्ध तरिकाबाट आगलागी नियन्त्रण, उद्धार तथा घाइतेहरुको उपचारको व्यबस्था गरिएको थियो । पाल्पामा गतबर्ष ३ सय भन्दा बढी वनजंगलमा आगलागी भएको, कयौ व्यक्तिहरु घाइते भएको, ठूलो धनजनको क्षति भएकाले यस्ता विपद्का घटनालाई कम भन्दा कम क्षतिमा न्युनिकरण गर्न, सुरक्षाकर्मीसँग भएका आवश्यक सरसमानहरु परिचालन गर्ने, अपुग तथा नपुगेका सरसमानहरुको व्यवस्थापन गर्ने पुर्व तयारीका लागि जिल्लाका सुरक्षा निकाय, विभिन्न संघ संस्था र स्थानीयवासी बिच समन्वय सहकार्य बढाउने उद्देश्यले पूर्व अभ्यास कार्यक्रम गरिएको प्रमुख जिल्ला अधिकारी बन्धु प्रसाद बास्तोलाले बताए । विपद् व्यवस्थापनमा स्थानीय सरकारको पहिलो जिम्मेवारी रहेको हुन्छ । पछिल्लो समयमा स्थानीय सरकारबाट नै अधिकाश विपद् व्यवस्थापनका घटनाहरुको व्यवस्थापन हुँदै आएको छ । विपद्का घटनाहरुलाई न्युनिकरण गर्न, आवश्यक बजेट परिचालन गर्न, विपद् व्यवस्थापनमा परेका पिडितहरुलाई आवश्यक राहत, तथा मानविय कार्यमा सहयोग गर्ने जस्ता कार्यहरु स्थानीय सरकारले गर्दै आएका छन् ।

पुर्व अभ्यास हेरेर आवश्यक निति नियम, सामग्री व्यवस्थापन, सुरक्षा निकायबिच समन्वय सहयोग तथा आवश्यक बजेटको व्यवस्थपना गर्न सहज सजिलो भएको तानसेन नगरपालिकाका उप-प्रमुख प्रतिक्षा सिंजाली गाहाले बताईन् । यस वर्ष तानसेन नगरपालिकाले विपद् व्यवस्थापनको लागि गत बर्ष भन्दा रकम बढाएर ३० लाख रुपैयाँ विनियोजन गरेको जनाएको छ ।

पुर्व अभ्यास कार्यक्रममा शसस्त्र प्रहरी बलले आगलागीलाई तत्काल नियन्त्रणको लागि फायर इष्ट्रिङगुइचरको सही व्यवस्थापन र प्रयोगको नमुना अभ्यास प्रदर्शन गरेको थिया । पछिल्लो समयमा घर घरमा ग्यास लिगका कारण आगलागीका घटनाहरु बढ्दै गएको, मानिसहरुको मृत्यु समेत भएका कारण तानसेनको टुँडिखेलमा ग्यास आगलागी नियन्त्रणको पूर्व अभ्यास समेत गरिएको थियो । ग्यास सिलिण्डरमा लागेको आगलागी नियन्त्रण गर्ने तीन उपाय मध्ये पहिलो रुपमा बलिरहेको सिलिण्डर ग्यासलाई अक्सिजन नपस्ने गरी कालो कम्मलले च्याप्प छोप्ने, दोस्रो रुपमा बलिरहेको स्थानमा बाल्टी द्याप्प ढोप्ने, तेस्रो सुरक्षित तरिकाले बुढी औलाले ग्यासको रेगुलेटरको प्वाल ध्वाप्प बन्द गर्ने तरीकाको प्रदर्शन गरिएको थियो । कार्यक्रममा जिल्ला वन कार्यालय, नेपाल रेडक्रस, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, शसस्त्र प्रहरी ३५ नं गुल्म, नेपाली सेना दि फेमश महिन्द्र दल गण, तानसेन नगरपालिका लगायत स्थानीय संघ संस्थाको सहभागिता रहेको थियो । पहाडी तथा शहरी क्षेत्रमा आगलागीको उत्तिकै जोखिम भएकाले स्थानीयहरुलाई सुसूचित गराउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको हो ।

## सुविधा सम्पन्न घर भाडामा

सुन्दर नगर तानसेनको कैलाशनगरस्थित ''होटल रानीमहल'' नजिकै हिमश्रृखलाको दृश्यावलोकन गर्न मिल्ने, गार्डेन र पार्किङ्गको समेत व्यवस्था भएको, एट्याच बाथरुम, तातो चिसो पानीको व्यवस्था भएको घर भाडामा छ ।

सरकारी, गैरसरकारी कार्यालय, होमस्टे, रेष्टुरेण्ट समेत सञ्चालन गर्न मिल्ने, कम्पाउण्ड भएको घर भाडामा लिन इच्छुक संघ, संस्था, व्यक्ति वा परिवारले निम्न नम्बरमा सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं : ९८४७५९७७७०**

# प्रधानमन्त्री दाहाल स्वदेश फर्किए

**पाल्पा,** असोज १३/संयुक्त राष्ट्र संघको महासभा र चीनको औपचारिक भ्रमण पूरा गरी प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' स्वदेश फर्किएका छन् । चीनको औपचारिक भ्रमणका क्रममा रहेका प्रधानमन्त्री दाहाल शनिबार बिहान स्वदेश फर्किएका हुन् ।

उनी छेन्दुबाट एयर चाइनामार्फत स्वदेश फर्किएका थिए । प्रधानमन्त्रीलाई स्वागत गर्न विमानस्थलमा उपप्रधानमन्त्रीद्वय पूर्णबहादुर खड्का र नारायणकाजी श्रेष्ठ, सभामुख देवराज घिमिरे, राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमल्सिना, पर्यटन मन्त्री सुदन किँरातीलगायत उच्च पदस्थ अधिकारी त्रिभुवन विमानस्थलमा पुगेका थिए । प्रधानमन्त्री दाहाललाई छेन्दुमा सिचुवान प्रान्तका उप-गभर्नर याङ चिनफिङ, नेपालका लागि चिनियाँ राजदूत छन् सोङ, बेइजिङ र सिचुवानका विदेश मन्त्रालयका उच्चपदस्थ अधिकारीहरुले छेन्दु विमानस्थलमा बिदाई गरेका थिए । प्रधानमन्त्री दाहाल संयुक्त राष्ट्र संघको ७८औं महासभामा सहभागी भई न्युयोर्कबाटै चीनको ८ दिने औपचारिक भ्रमणमा गएका हुन् । १९औं एसियाली खेलकुदको उद्घाटन समारोहमा भाग लिन प्रचण्ड न्युयोर्कबाट चीनको हाङचउ पुगेका थिए । उनले हाङचउमै चिनियाँ राष्ट्रपति सी चिनफिङसँग भेटवार्ता गरेका थिए ।



त्यस्तै बेइजिङमा चिनियाँ समकक्षी ली छ्याङसँग एक्लाएक्लै र द्विपक्षीय भेटवार्ता भएको थियो । त्यस्तै प्रधानमन्त्री दाहाल बेइजिङमा विभिन्न कार्यक्रममा समेत सहभागी भए । प्रधानमन्त्री दाहाल छोङछिङ र मानसरोवर हुँदै छेन्दु आइपुगेका हुन् । प्रधानमन्त्री दाहालले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारमाझ परम्परागत ढङ्गले उत्तरी सीमा क्षेत्रमा स्थानीयरुपमा प्रयोग गरेका नाका प्राविधिक र आवश्यक तयारी पूरा गरेर सञ्चालनमा ल्याउन दुई देशबीच सहमति भएको जानकारी दिएका छन् ।

केही नाकालाई व्यवस्थित गर्नेबारेमा चीन सरकारले अनुदान उपलब्ध गराउने वचन दिएको समेत उनले बताए । यस्तै पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालनबारेमा पनि महत्वपूर्ण छलफल भएको प्रधानमन्त्री प्रचण्डले जानकारी दिए । आन्तरिकरुपमा पनि केही तयारी गर्नुपर्ने देखिएको उल्लेख गर्दै उनले चीनको छन्दुबाट सहजै द्विपक्षीय उडान हुने बताए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## जेष्ठ नागरिकलाई सम्मान गरौं

आज अक्टोवर १, अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवस । सन् १९९१ देखि हरेक वर्ष अक्टोवर १ मा अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवस मनाउने गरिन्छ । जेष्ठ नागरिकहरुलाई सम्मान र उनीहरुको सामाजिक सुरक्षासँगै अधिकारमा पुँहच पुऱ्याउने उद्देश्यका साथ संयुक्त राष्ट्रसंघको आह्वानमा विश्वभर यो दिवस मनाईन्छ । नेपालमा पनि यो दिवस मनाउने गरिएको छ । नेपालको संविधान २०७२ को धारा ४१ मा 'जेष्ठ नागरिकको हक' शीर्षकमा 'जेष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ' भनेर उल्लेख गरेको छ तर त्यसले तोकेका अधिकार र संरक्षण गरेका हकहरु कार्यान्वयन हुन सकेका छैनन् । जसका कारण उनीहरु अहिले पनि सम्मानजनक रुपमा बाँच्न पाएका छैनन् । कुनै न कुनै किसिमबाट अपहेलना र तिरस्कृत हुनुपरेको छ । जेष्ठ नागरिकका लागि न त सरकारले कुनै ठोस नीति र कार्यक्रम बनाउन सकेको छ न त उनीहरुको आधारभूत आवश्यकतालाई कतैबाट सम्बोधन गर्न सकेको छ ।

वृद्धवस्थामा सामाजिक सुरक्षा अभावले कष्टपूर्ण र असुरक्षित जीवनयापन गर्नु नपरोस् भन्ने उद्देश्यले नेपालमा सरकारले सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत वृद्धभत्ता वितरण गर्दै आएको छ । यो कार्यक्रमले मुलुकका जेष्ठ नागरिकलाई केही हदसम्म आर्थिक राहत प्रदान गरेको छ तर बेला–बेला यसलाई राज्यले आर्थिक बोझ ठानेको छ । यो निकै नै दुःखद् कुरा हो । हामीले जेष्ठ नागरिकलाई बोझ होइन बरदानको रुपमा स्विकार्न सक्नुपर्छ । नेपाली समाजमा अझै पनि जेष्ठ नागरिकहरु अपहेलित हुनु पर्ने अवस्था छ । उनीहरु आफ्नै छोराछोरीहरुबाटै अपहेलित हुनुपर्ने अवस्था आउनु दुखद् हो । मानिस बूढो हुनु अपराध होइन, एक दिन सबै बूढो अवश्य हुन्छ, यो ध्रुव सत्य कुरा हो । जेष्ठ नागरिक हुनु भनेको केवल शारीरिक अवस्थाले शिथिल रुपमा रहेको अवस्था मात्र नभएर उनीहरू परम्परागत ज्ञान र अनुभवका स्रोत हुन् । केवल शारीरिक रुपमा जेष्ठ नागरिक अन्यसरह काम गर्न नसक्ने मात्र हुन् । उनीहरू आफ्नो स्वास्थ्य र क्षमता अनुकूलको काम गर्न सक्छन्, त्यसैले उनीहरुको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न सकिएमा नयाँ पुस्तालाई राम्रो मार्ग निर्देशन प्राप्त गर्ने आधार बन्न सक्छ । यसर्थ जेष्ठ नागरिक दिवसको अवसरमा सबै जेष्ठ नागरिकलाई सम्मान गर्ने बानिको विकास गरौं ।

### Opinion @ Social Network

कसैलाई जित्ने रहर छैन मलाई र कसैसँग हार्नु पनि छैन मलाई
बस आफ्नै बाटोमा हिड्नु छ, र आफ्नै पहिचान बनाउनु छ ।
(*हिमेश शाक्यको फेसबुक स्टाटस* https://www.facebook.com/hemash.saru.7)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सोह्रश्राद्ध कृष्णपक्षमा नै मनाउनुको मूल उद्देश्य ...?



डा. नारायणप्रसाद निरौला

*दशैं–तिहार चाड मनाउनुपूर्व पितृलाई श्रद्धाभाव व्यक्त गर्नुपर्दछ । विशेषगरी पितृप्रति श्रद्धा भाव व्यक्त गर्दा कृष्णपक्ष, कृष्णपक्षमा पनि औंसी तिथिलाई विशेष रुपमा लिइन्छ । कृष्णपक्षलाई नै पितृका निम्ति विशेष रुपमा लिनुको पनि विशेष कारण पाइन्छ । एक चान्द्रमहिनामा दुई पक्ष हुन्छन् : कृष्ण र शुक्लपक्ष । कृष्णपक्षको अर्थ अँध्यारो समय र शुक्लपक्षको अर्थ उज्यालो समय भन्ने हुन्छ । अर्थात् शुक्लपक्षमा चन्द्रमाको उज्यालो भाग बढ्दै जान्छ र औंसी तिथिका दिन पूर्णत रात अन्धकारमय रहन्छ । आकाशमा चन्द्रमाको दर्श गर्न सकिँदैन । यसैले रातमा उज्यालो बढ्ने पक्ष शुक्ल हो भने अँध्यारो बढ्दै जाने पक्षकृष्ण हो । यसरी अँध्यारो पक्षमा किन पितृप्रति श्राद्धा भाव व्यक्त गरिन्छ अर्थात् कृष्णपक्षमा सोह्रश्राद्ध किन गरिएको होला भन्ने प्रश्न पनि जाग्न सक्छ ।*

आश्विन कृष्णपक्षको प्रतिपदादेखि औंसीसम्मका दिनहरूलाई पितृपक्ष भनिन्छ । पितृको पर्व विशेष भएकाले यो समयमा पार्वण श्राद्ध गरिन्छ । सोह्रवटा तिथिका श्राद्ध गरिने भएकाले यो समयलाई सोह्रश्राद्धका नामले पनि सम्बोधन गरिन्छ । हाम्रा हरेक उत्सवका पर्वहरू पितृको पूजापश्चात् हुने गर्दछन् । दशैं–तिहार चाड मनाउनुपूर्व पितृलाई श्रद्धाभाव व्यक्त गर्नुपर्दछ । विशेषगरी पितृप्रति श्रद्धा भाव व्यक्त गर्दा कृष्णपक्ष, कृष्णपक्षमा पनि औंसी तिथिलाई विशेष रूपमा लिइन्छ । कृष्णपक्षलाई नै पितृका निम्ति विशेष रूपमा लिनुको पनि विशेष कारण पाइन्छ । एक चान्द्रमहिनामा दुई पक्ष हुन्छन् : कृष्ण र शुक्लपक्ष । कृष्णपक्षको अर्थ अँध्यारो समय र शुक्लपक्षको अर्थ उज्याले समय भन्ने हुन्छ । अर्थात् शुक्लपक्षमा चन्द्रमाको उज्यालो भाग बढ्दै जान्छ र औंसी तिथिका दिन पूर्णत रात अन्धकारमय रहन्छ । आकाशमा चन्द्रमाको दर्श गर्न सकिँदैन । यसैले रातमा उज्यालो बढ्ने पक्ष शुक्ल हो भने अँध्यारो बढ्दै जाने पक्षकृष्ण हो । यसरी अँध्यारो पक्षमा किन पितृप्रति श्राद्धा भाव व्यक्त गरिन्छ अर्थात् कृष्णपक्षमा सोह्रश्राद्ध किन गरिएको होला भन्ने प्रश्न पनि जाग्न सक्छ । यसका लागि पितृ को हुन् ? काहाँ बस्छन् ? यसका साथै पितृलोकको व्यवस्था के कस्तो छ भन्ने जान्नु आवश्यक हुन्छ । शास्त्रमा पितृको निवासस्थान चन्द्रमाको माथिल्लो भागमा बताइएको छ । हामीले देखिने चन्द्रमाको बिम्ब लगभग आधामात्र हो ।

आधा भाग माथिपट्टि हुन्छ । यसैले चन्द्रलोक (पितृलोकमा) मा हाम्रा १५ दिन सूर्य देखिन्छन् र हाम्रा १५ दिन सूर्य अस्त हुन्छन् । हाम्रो एक महिना बराबर पितृलोकमा एक अहोरात्र (दिनरात) हुन्छ । हाम्रो कृष्ण पक्ष हुँदा दिन र शुक्लपक्ष हुँदा पितृलोकमा रात पर्ने गर्दछ । जसरी हामी प्रात उठेर नित्यकर्म सकी भोजन ग्रहण गर्दछौं त्यसैगरी पितृ पनि उठेर दिनभरिका कार्य गर्ने समय भनेको कृष्णपक्ष हो । अर्थात् हाम्रो कृष्णपक्षका १५ दिन पितृका निम्ति एक दिन (सूर्योदयदेखि सूर्यास्तसम्म) हुने गर्दछ । पितृको १२ घण्टा बित्दा हम्रा १५ दिन व्यतीत हुने गर्दछन् । यसैले कृष्णपक्षमा पितृप्रति श्रद्धाभाव उत्तम रहने शास्त्रको निर्णय भएको हो । पर्वअन्तर्गतको कृष्णपक्ष भएकाले सोह्रश्राद्धका दिन पनि कृष्णपक्षमा रहेका हुन् । 'नभस्यापरे पक्षे यत्र कन्यां व्रजेद्रविः ।समहालयसंज्ञः स्याद् गजच्छायाह्वयस्तथा ।।' (आख्यान चन्द्रिका) अर्थात् आश्विन कृष्णपक्षलाई महालय भनिन्छ । यस अवसरमा महालय (पार्व वा सोह्रश्राद्ध) श्राद्ध गर्ने वैदिक विधान छ ।

**पितृ भनेका को हुन् ?**

'पा रक्षणे' धातुमा 'तृच्' प्रत्यय (पा+तृच् पितृ) लागेर पिता शब्दको निर्माण हुन्छ । जसको अर्थ रक्षा गर्ने वाला रक्षक वा संरक्षक भन्ने हुन्छ । वंशका रक्षक नै पितृ हुन् । 'वसुरुद्रादितिसुताः पितरः श्राद्धदेवताः ।' (याज्ञवल्क्यस्मृति) अर्थात् वसु, रुद्र र आदित्य स्वरूप भएका बुबादि खाल र मावली हजुरबुबादि खाललाई श्राद्धका देवता पितृ भनेर मानिएको छ । हामी पितृकै अंश रूप हौं । पितृबीज नै हामी भएकाले पनि पितृप्रतिको हाम्रो सम्बन्ध बीजकीय रूपमा अन्तर्भाव रहेको हुन्छ । जब देहान्त्य हुन्छ त्यसपछि प्राणवायुले यो शरीरलाई त्याग्दछ । देहान्त्यसँगै शरीर पृथ्वी, जल, तेज, वायु र आकाशमा मिल्छ अथवा मिलाउनु पर्दछ दाह संस्कारादि कार्य गरिन्छ । स्मृति चेत पनि नासिएर जान्छ । केवल कर्मअनुसारको आत्मा रूपमात्र रहन्छ ।

जब औध्वदेहिक कर्म गरिन्छ अनि उक्त आत्माले एक हातबरावरको सूक्ष्म शरीर प्राप्त गरी पितृलोकको यात्रामा अगाडि बढ्छन् । विदेहात्मा वर्षदिनसम्म यात्रा गरेर पितृलोकमा पुग्नछन् । वार्षिक कर्मको फलस्वरूप एक हातको सूक्ष्म शरीरलाई त्याग गरी उक्त आत्माले वायुरूप एक अंगुलको अर्को शरीर प्राप्त गरेर मनुष्यपितृका रूपमा रही आर्जन गरेको कर्मको फल भोग गर्छन् भनेर यसरी बताइएको छ : 'ततः संवत्सरस्यान्ते प्रत्यासन्ने यमालये । बहुभीतिपुरे गत्वा हस्तमात्रं समुत्सफ्जेत् ।अङ्गुष्ठमात्रो वायुश्च कर्मभोगाय खेचरः ।।' (गरुडपुरण, सारोद्धार, २।८२–८३)

अर्थात् पुत्रादिले प्रदान गरेका वस्तु प्राप्त गरी तृप्त भई पितृको लोकमा कर्मभोग अनुसार पितृ विचरण गर्दछन् । यसरी विचरण गर्ने पितृलाई हाम्रा अँखाले देख्न सक्दैनन् । अर्थात् ती पितृको सूक्ष्म वायुरुपी शरीर रहने भएकाले पनि यी हाम्रा चर्मचक्षुले देख्न नसकेका हुन् ।

**पितृलोकको व्यवस्था :**

यसरी चन्द्रलोकको माथिल्लो भागमा रहने पितृका दुई श्रेणी पाइन्छन् :

१. दिव्य पितर २. मनुष्य पितर । दिव्य पितृ त्यो समूहको नाम हो जसले मनुष्यको कर्म अनुसार देहान्त्यपश्चात् के गति हुन्छ यसको निर्णय गर्दछन् । दिव्यपितृ एक न्याय परिषद् जस्तै हो । यसका न्यायाधीश यमराज हुन् । कव्यवाडनल, सोम, अर्यमा र यम यी चार दिव्यपितृका मुख्य गण हुन् । अर्यमालाई पितृका प्रधान मानिन्छ भने यमराजलाई न्यायाधीश । यी चार दिव्यपितृका अलावा प्रत्येक वर्गबाट सुनुवाई गर्नेवाला प्रतिनिधि देवता विशेष रहन्छन् । जस्तो कि अग्निष्वाता देवताका प्रतिनिधि, सोमपा साध्यका प्रतिनिधि, बर्हिषद गन्धर्व, राक्षस, किन्नर, सुपर्ण तथा यक्षका प्रतिनिधि हुन् । अर्यमालाई पितृका देवता मानिन्छ । पितृको कुल परम्पराको लेखा जोखा एवं व्यवस्थापन अर्यमाद्वारा हुने गर्दछ । को कुन कुलको भन्ने सम्पूर्ण वृत्तान्त अर्यमाले राख्दछन् । उनको निवासस्थान उत्तराफाल्गुनी नक्षत्र लोक भनेर बताइएको छ । यसरी सम्पूर्ण गणको समूहलाई पितर भनिएको छ । पितृलोक चन्द्रमाको माथिल्लो भागमा अवस्थित छ ।

विधूर्ध्वभागे पितरोवसन्तः स्वाधः सुधादीधितमामनन्ति ।
पश्यन्ति तेद्रर्कं निजमस्तकोर्ध्वे दर्शे यतोद्रस्माद्यूदलं तदैषाम् ।।
भार्धान्तरत्वान्न विधोरधःस्थं तस्मान्निशीथः खलु पौर्णमास्याम् ।
कृष्णो रविः पक्षादलेद्रभ्युदेति शुक्लेद्रस्तमेत्यर्थत एव सिद्धम् ।।

(सिद्धान्तशिरोमणि, गोलाध्यायः, त्रिप्रश्नवासना, श्लो.१३–१४)अर्थात् चन्द्रमाको माथिल्लो भागमा पितृगणको निवासस्थान रहेको छ ।

त्यहाँ रहेका पितृले आफ्नो शिरमाथि पृथ्वीलाई देख्दछन् जसरी पृथ्वीवासीले चन्द्रमालाई देख्दछन् । यसैगरी उक्त स्थानबाट पितृले सूर्यलाई मध्यसमयमा आफ्नो शिरमाथि देख्दछन् जसरी मध्याह्नमा पृथ्वीलोकका हामीले देख्दछौं । पितृलाई औंसीमा झलमल्ल दिन हुन्छ भने पूर्णिममा पूर्णतः अन्धकारमयी रात । पितृपक्ष कृष्णपक्षमै रहनुको कारण पनि यही नै हो । पृथ्वीवासीलाई कृष्णपक्ष हुँदा पितृनिवासस्थान (चन्द्रमाको माथिल्लो भाग) मा झलमल्ल दिन हुन्छ । हाम्रो शुक्लपक्षमा पितृहरूको रात हुन्छ । जब कृष्ण पक्ष लाग्छ अनि पितृहरू जागा हुन्छन् र पृथ्वीवासीले अर्पण गरेका तोय(जल) पिण्डादि वस्तु प्राप्त प्राप्त गरी तृप्त हुन्छन् । ज्योतिषको सर्वप्राचीन ग्रन्थ सूर्यसिद्धान्तमा पितृ अहोरात्रको व्यवस्था यसरी उल्लेख गरिएको छ : 'त्रिंशता तिथिभिर्मासचन्द्रः पित्र्यमहः स्मृतम् । निशा च मासपक्षान्तौ तयोर्मध्ये विभागतः ।।' (सूर्यसिद्धान्त, १४।१४) अर्थात् ३० तिथिको एक चान्द्रमास हुन्छ । यही एक महिना पितृको एक अहोरात्र (दिनरात) हुन्छ । पितृका निम्ति मासान्त अर्थात् औंसीमा मध्यदिन र पूर्णिमामा मध्यरात्रि हुन्छ । यसैगरी पितृको दिनरात्रि व्यवस्थाका बारेमा पनि सूर्य सिद्धान्तमा यसरी उल्लेख गरिएको छ : 'पितरः शशिगः पक्षं स्वदिनं च नरा भुवि ।।' (सूर्यसिद्धान्त, १४।७४) अर्थात् चन्द्रमाको पृष्ठभागमा रहनेवाला पितृगण १५ दिन सूर्यलाई दर्शन गर्दछन् अर्थात् चन्द्रमाको पृष्ठमा १५ दिनको दिन तथा १५ दिनको रात हुन्छ । तर, भूपृष्ठवासीले आआफ्ना दिनमान अनुसार सूर्यको अवलोकन गर्छन् । यसैले हरेक औंसीमा पितृप्रति श्रद्धाभभक्तिभाव व्यक्त गर्नू भनिएको हो । हरेक औंसीमा सिदा दानादि कार्य गर्नुको तात्पर्य पनि यही नै हो । पितृको भोजन गर्ने समयमा जल पिण्ड दान गऱ्यौं भने पितृ तृप्त (खुशी) हुन्छन् । पितृखुशी भए सन्ततिलाई आशीर्वाद दिन्छन् । यसरी श्रद्धापूर्वक पितृको अर्चना गर्नाले हामीमा तेजको वृद्धि हुन्छ । हामी शक्ति सम्पन्न हुन्छौ । हामी सबैलको कल्याण हुन्छ । सोह्रश्राद्ध गर्नुको पनि यही नै तात्पर्य हो । आश्विन कृष्णपक्षमा पितृगण यो लोकमा विचरण गर्ने भएकाले तोय पिण्ड दान गर्नुपर्ने वैदिक मान्यता छ । पितृले भोजन गर्ने समय भनेको कृष्णपक्ष हो । पर्व विशेषमा पितृलाई सर्वप्रथम श्रद्धा भाव व्यक्त गर्नुपर्दछ । यसैले यो समयको श्राद्धलाई पार्वण पनि भनिन्छ । जसरी हामी रातमा आराम गर्दछौं त्यसैगरी पितृलोकमा पितृ पनि रातको समयमा विश्रम गर्ने गर्दछन् । पितृको जागा रहने समय कृष्णपक्ष हो । यसैले पितृ जागा रहेको समय (कृष्णपक्ष) मा अर्पण गरिएका वस्तु पितृलाई तृप्तिदायी हुन्छन् । यसैले कृष्णपक्षमा सोह्रश्राद्ध गरिएको हो ।

**-हिमालय टाइम्स डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पारिवारिक सुख मिल्नेछ, आटेको काम सफल हुँनेछ । | **तुला** : कला, साहित्य तथा संगीतमा रुचि बढ्नेछ । मनमा उत्साहका हुनेछ । |
| **वृष** : पुनर्मिलनको योग रहेको छ । बन्धुबान्धवबाट सहयोग मिल्नेछ । | **वृश्चिक** : नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । |
| **मिथुन** : आफन्तको सहयोग प्राप्त हुनेछ । धनार्जनका स्रोत पत्ता लाग्नेछन् । | **धनु** : रोकिएको धन हात पर्ला । मनमा आन्नद छाउँनेछ । |
| **कर्कट** : कार्यमा अवरोध आउला । सोचेको यात्रा असफल हुँनेछ । | **मकर** : धर्मकर्ममा मन लाग्नेछ । शुभ समाचार सुन्न पाइएला । |
| **सिंह** : स्वादिष्ट भोजन पाइनेछ । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । | **कुम्भ** : सामाजिक कार्यमा रुचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ । |
| **कन्या** : चिताएको कामले तीव्रता लिनेछ । वित्तिय संस्थाबाट सहयोग पाइनेछ । | **मीन** : समाज सेवामा मन लाग्नेछ । चिताएको कामले तीव्रता पनि लिनेछ । |

# कृषि

## धानबालीमा ग्वारोको समस्या बढ्दो, किसान चिन्तित



धानबालीमा ग्वारो रोग किराको समस्या फैलिएपछि पर्साका किसान चिन्तित बनेका छन् । पर्साको जगरनाथपुर, धोबिनी, ठोरी, जिराभवानीलगायत विभिन्न स्थानमा ग्वारो किराको समस्या फैलिएपछि किसान चिन्तित बनेका हुन् ।

गत भदौको दोस्रो साता यता धानबालीमा देखिएको ग्वारो किराको समस्याले धानबालीमा क्षति पुऱ्याइरहेको स्थानीय किसान बताएका छन् । ग्वारो किराले आफूहरुको करिब ५० प्रतिशतभन्दा बढी धानबालीमा क्षति पुऱ्याएको धोविनी गाउँपालिका-५ का स्थानीय शिवनाथ यादवले बताए । वर्षाको अभावमा धानबाली सुक्दै गएको बेला धानबालीमा देखिएको ग्वारोको समस्याले आफू थप समस्यामा परेको उनको कथन छ । 'ग्वारो किराले धानबालीको पात खाइदिने, उम्रिदै गएको धानको बोटमा क्षति पुर्याइरहेको छ', जगरनाथपुर गाउँपालिकाका किसान हरिशङ्ख्र कुर्मीले भने, 'सुरुमा वर्षा नभएर ठूलो रकम खर्चिएर वैकल्पिक सिँचाइबाट जेनतेन धान रोपाइँ गरे, अहिले आएर ग्वारो किराले बाली नै सखाप गर्न थालेपछि हामी चिन्तामा डुबेका छौं ।' धानबालीमा लागेको ग्वारोको रोकथाम र नियन्त्रणका लागि आवश्यक सहयोग गरिदिन स्थानीय, प्रदेश र संघीय सरकारसँग उनले आग्रह गरे । धानबालीमा ग्वारो किराको प्रकोपले खेतमै धान सुक्न थालेको पीडित किसानको भनाइ छ । खेतमा असन्तुलन, गुणस्तरीय रसायनिक मलको अभाव तथा प्रतिकूल वातावरणका कारण धानबालीमा ग्वारो किराको प्रकोप बढेको कृषि ज्ञान केन्द्र पर्साका प्रमुख मुनिलाल कुशवाहाले बताए । पुतली जातको ग्वारो धानको ढाड नै काट्ने गर्दा सुक्ने गरेको पाइएको उनको भनाइ छ । खेतमा प्रयोग गरिने रसायनिक मल, डिपिए, युरिया, पोटास लगायतको मात्रा नमिल्दा पनि बालीको जरो कमजोर भई किराको आक्रमण बढेको र यसको रोकथाम र नियन्त्रणका लागि सो क्षेत्रमा प्राविधिक खटाइएको प्रमुख कुशवाहाले बताए । समयमा वर्षा पर्याप्त नभए पनि पानी तान्ने मोटर तथा अन्य वैकल्पिक सिँचाइको व्यवस्था मिलाएर भए पनि किसानले पर्सामा ९५ प्रतिशत जग्गामा धान रोपाइँ गरेको प्रमुख कुशवाहाको भनाइ छ । पर्सा जिल्लामा ५४ हजार सात सय ३२ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४७ हजार एक सय ३० हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने गरेको छ । यसवर्ष ९५ प्रतिशत अर्थात ४५ हजार चार सय ३० हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको प्रमुख कुशवाहाले जानकारी दिए । पर्सामा भदैया, चैते र वर्षे गरी तीन किसिमका धान उत्पादन हुँदै आएको छ । 'जिल्लाको दक्षिणी भेगका किसान गण्डक सिँचाइ आयोजनाको सिँचाइ प्रणालीबाट सिँचाइ गरेर धान रोपाइँ गरेका छन्', प्रमुख कुशवाहाले भने,'अन्य भेगका किसान पानी तान्ने मोटर, पम्पसेट जडान गरेर धान रोपाइँ गरेका छन् ।' तुलनात्मक रुपमा अन्य ठाउँभन्दा पर्साको ठोरी, पर्सागढी, बहुदरमाई र जगरनाथपुर गाउँपालिका क्षेत्रमा बढी धान रोपाइँ भएको उनको भनाइ छ । **-रासस**

## ढोरपाटन क्षेत्रमा स्याउ उत्पादनमा कमी



बागलुङको निसीखोला गाउँपालिका-५ मसगाउँका ७३ वर्षका जुमबहादुर बुढाथोकी मगरले स्याउ बगानमा इटालियन प्रजातिका तीन सय र स्थानीय प्रजातिका दुई सय गरी पाँच सय स्याउका बिरुवा छन् । उनले दुवै प्रजातिका स्याउबाट गत वर्षमात्रै १५ क्विन्टल उत्पादन गरेर बिक्री गरे । तर यसपटक भने उनको स्याउ बगान रित्तै छ ।

गत चैत र वैशाखमा परेको असिनाका कारण उनको स्याउ बगानको उत्पादनमा कमी आएको छ । उनले विसं २०४८ देखि परम्परागत तरिकाले स्याउखेती गर्दै आएका छन् । उनको मसगाउँमा रहेको १५ रोपनी जग्गामा स्याउखेती छ । दुई वर्षअघि मात्रै लगाइएको इटालियन प्रजातिको स्याउ गत वर्ष राम्रो उत्पादन दिएको भए पनि यस वर्ष उत्पादनमा कमी आएको बताए । 'गत वर्ष १५ क्विन्टल स्याउ बिक्री गरेको थिए, यस वर्ष २० देखि २५ क्विन्टल बिक्री गर्ने लक्ष्य थियो', किसान बुढाथोकीले भने, 'चैत र वैशाखमा परेको असिनाका कारण स्याउ उत्पादनमा कमी आयो, ढोरपाटन र निसेलढोर क्षेत्रमा पहिलोपटक असिना परेको थियो ।' असिनाका कारण ढोरपाटन र निसेल्ढोर क्षेत्रका स्याउ किसान अहिले निराश भएको अगुवा स्याउ किसान बुढाथोकीले बताए । परम्परगात स्याउखेती सफल नहुँदा निसेलढोर र ढोरपाटनका किसान स्याउखेतीभन्दा आलुखेतीतर्फ अग्रसर भइरहेका थिए । उनले आफ्नो व्यक्तिगतरूपमा ढोरपाटन स्याउ फार्ममा नयाँ र पुराना स्याउ गरी १५ रोपनी जग्गामा स्याउ विस्तार गर्ने लक्ष्य राखेका छन् । उनले यस वर्ष दुई सय इटालियन प्रजातिका बिरुवा थप गरेका छन् । 'ढोरपाटन स्याउ ब्लकको अध्यक्षसमेत भएँ, अहिले सामूहमा काम गरेका छौं, ढोरपाटन र निसेलढोका स्याउ किसानको नेतृत्व म आफैं गरिरहेको छु, परम्परागत स्याउ भएन', उनले भने, 'इटालियन प्रजातिको स्याउ फस्टाएको छ तर यस वर्ष भने स्याउ उत्पादनमा निकै कमी आयो असिनाले स्याउका फूल झार्दा उत्पादन न्यून भएको हो ।' ढोरपाटन क्षेत्रमा हिमपातसँगै पानी र वर्षाका कारण मुस्ताङमा जस्तो स्याउको राम्रो उत्पादन नभएपछि किसान व्यावसायिक उत्पादनमा अग्रसर भएका थिएनन् ।

कृषि अध्ययनले समेत ढोरपाटनमा असिना र वर्षात् कारण व्यावसायिक स्याउखेती गर्न कठिन देखाएको थियो । तर कृषि ज्ञान केन्द्रको पहलमा इटालीबाट ल्याइएको आधुनिक प्रजातिको स्याउको बिरुवा ढोरपाटनमा परीक्षणका लागि मात्रै लगाइएको थियो । स्याउको परीक्षण सफल भएपछि अहिले पुन: नयाँ बिरुवा थप भइरहेको छ । सो क्षेत्रमा परम्परागत तरिकाले स्याउखेती गर्न थालेको वर्षौं भए पनि व्यावसायिक उत्पादनका लागि आधुनिक प्रजातिको इटालीबाट ल्याइएको स्याउको बिरुवा नै उत्कृष्ट देखिएको छ । ढोरपाटन उपत्यका, सेन्तुङ, श्यालपाखे र निसेलढोर, मसलगायतको स्थानमा परम्पराकालदेखि नै फ्याट्टफुट्ट स्याउखेती हुने गरे पनि त्यसले व्यावसायिकता पाउन थिएन ।

ढोरपाटन-९ ढोरपाटन उपत्यकाका किसान रामबहादुर घर्तीले समेत एक सय ८१ वटा बिरुवामा केही बिरुवामा गत वर्षदेखि स्याउ फल्न थालेको बताउँदै यस वर्ष भने असिनाका कारण स्याउ निकै कम फलेको बताए । यहाँका स्थानीय परम्परागत स्याउखेती छाडेर इटालियन प्रजातिको स्याउखेती लगाउन अग्रसर भए पनि यसपटक ढोरपाटन क्षेत्रको स्याउ उत्पादनमा भारी गिरावट आएको किसान रामबहादुरले बताए । ढोरपाटन क्षेत्रमा दुई सयभन्दा बढी किसानले परम्परागत र एक दर्जन किसानले व्यावसायिक स्याउखेती गर्दै आएका छन् । **-रासस**

## सयपत्री फूलबाट बाह्रै महिना आम्दानी



घरका आँगन वरिपरि, बगैंचाभरि तिहारमा मात्र फुलाइने सयपत्री फूलको व्यावसायिक खेतीसँगै बाह्रै महिना फुल्न थालेको छ ।

यसका कारण सयत्रपी फूलले सौन्दर्यता मात्र नभई आम्दानीसमेत दिने गरेको मेचीनगर नगरपालिका-९ का डीएन्डडी बायोप्लान्टेक नामक कम्पनी सञ्चालक डिल्लीराम उप्रेतीले बताए । विगत १० वर्षदेखि नर्सरी व्यवसायमा लागेका उप्रेतीले तीन कठ्ठा जमिनमा यतिबेला सयपत्री फूल ढकमक्क फुलाएका छन् । उनले मेचीनगर नगरपालिका-९ मा तीन कठ्ठा र विर्तामोड नगरपालिका-६ बुट्टाबारीमा १५ कठ्ठा जमिनमा सयपत्री फूलको व्यावसायिक खेती गर्दै आएका छन् । तीमध्ये मेचीनगरमा लगाइएको फूल ढकमक्क फुलेर धमाधम बिक्री भइरहेको छ । उनको बारीमा फुलेको सयपत्री फूल खरिदका लागि विर्तामोड, धुलाबारी र काँकरभिट्टाका सैसंस्था धेरै आउने गरेका छन् । बाह्रै महिना सयपत्री फूलको उपलब्धता हुने भएपछि जिल्लामा हुने अधिकांश सभा समारोहमा त्यही प्रयोग हुन थालेको उनले बताए । उनले अग्रिम फूलका अर्डर गर्ने संस्थासंस्थाको कार्यक्रम स्थलमै माला पुर्याउने व्यवस्था मिलाइएको जानकारी दिए । 'सयपत्री फूल फुल्न सिजन चाहिँदैन', उनले भने,'गर्दा बाह्रैमास हुन्छ । व्यावसायिक रुपमा गरिरहेको छु, आम्दानी पनि भइरहेको छ ।' उनले उत्पादन गर्न सके बजारको समस्या नहुने बताए । माला रु ५० का दरले बिक्री हुने गरेको बताए । सयपत्री फूलको खेतीबाट थोरै लगानीमा धेरै आम्दानी हुने उनको बुझाइ छ । जिल्लामा विगतका वर्षमा चाडपर्वलाई मात्रै लक्षित गरेर सयपत्रीको फूल उत्पादन गर्ने गरिएको थियो । चाडपर्वमा फूलको माग बढ्ने भएपछि त्यसैलाई लक्षित गरेर समूह तथा व्यक्तिगत रुपमा फूलको व्यावसायिक खेती हुने गरेको हो । मेचीनगर, विर्तामोड, कनकाई, दमक, गौरादह नगरपालिका लगायतका किसानले पाँच कठ्ठादेखि एक विगाह जमिनमा तिहारलाई लक्षित गरेर सयपत्री फूलको खेती लगाएका छन् । स्थानीय सरकारले किसानलाई प्रोत्साहन स्वरुप सुलभ कर्जा र अनुदानमा लगानी गर्ने हो भने फूलको परनिर्भरतालाई हटाउन सकिने उनको बुभाइ छ । **-रासस**

## किन घटिरहेको छ खसी–बोकाको मासु ?

सन् २०१८ मा नेपालमा खसी, बोकाको मासु २०.४ प्रतिशत खपत हुने गरेको थियो। सबैभन्दा बढी मासु भैंसीको (५३.४ प्रतिशत) र तेस्रोमा कुकुराको मासु (१७.३ प्रतिशत) खपत हुन्थ्यो । सन् २०२२ मा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले निकालेको तथ्यांकमा खसी/बोका मासुको खपत १४.५ प्रतिशतमा झरेको छ । कुखुराको मासुको खपत बढेर ४० प्रतिशत पुगेको छ। भैंसीको मासु ३५.९ प्रतिशत खपत भएको देखिएको छ ।

चार वर्षको अवधिमा खसी, बोकाको मासुको उत्पादन करिब १ किलोले घटेको कृषि तथा पशुपंक्षी मन्त्रालयको योजना तथा विकास साझेदारी समन्वय ईकाईले निकालेको तथ्यांकले देखाउँछ । सन् २०१८ मा नेपालमा १ करोड १६ लाख बाखा थिए त्यो बढेर अहिले १ करोड ३९ लाख भन्दा बढी पुगेका छन् । मासु भने प्रति बाखा १७.५ केजीबाट घटेर १६.९ केजी पुगेको छ । यो अवस्था आउनुमा बाखामा लाग्ने रोग, परजीवीको संक्रमण, त्यसको निदानमा दक्ष जनशक्तिको कमी, कमजोर नश्ल, अवैज्ञानिक प्रजनन् प्रणाली, आहाराको सही व्यवस्थापन नहुनुजस्ता कारण रहेको बाखा विज्ञ डा.निराजन भट्टराई बताउँछन् । यी समस्यामध्ये परजीवीको संक्रमणको विषयमा पशु स्वास्थ्य प्राविधिकहरूमा समेत आवश्यक ज्ञानको कमी देखिएको उनले बताए । 'बाखाको संख्या बढिरहेको छ। तर उत्पादन लागत र उत्पादन हुने मासु घट्दो क्रममा छ। यसका धेरै कारणहरू छन् । तीमध्ये परजीवीको बेलैमा नियन्त्रण गर्न नसक्नु एक हो,' भट्टराई भन्छन्, 'यसका लागि पशु स्वास्थ्य प्राविधिकलाई आधुनिक प्राविधिक ज्ञान र सीप दिनु आवश्यक छ ।' भट्टराईका अनुसार बाखामा लाग्ने परजीवी आन्तरिक र बाह्य दुई प्रकारका हुन्छन् । नाम्ले जुका, गोलो जुका, फित्ते जुका, हेमोङ्कस आन्तरिक परजीवी हुन्। यिनले शरीरभित्र रहेर बाखालाई हानी पुऱ्याउँछन् । हेमोङ्कस नामको परजीवीले रगत चुसेर रक्तअल्पता पैदा गर्छ । त्यसले बाखामा अन्य रोगसँग लड्ने क्षमता कम हुन्छ । 'बाखाको वृद्धिदर कम हुने, तौल बढ्न नदिने समस्या हुन्छ,' भट्टराईले भने । बाह्य परजीवी जुम्रा, उडुस, उपिया, झिँगा, किर्ना, सुलसुले, नाकमा पस्ने जुकालगायत हुन् । यिनको संक्रमणको पनि बाखामा ठूलो असर हुने भट्टराई बताउँछन् । '१८ महिने, तीन महिने तालिम लिएका पशु सेवा प्राविधिकहरूले बाखाको रोगको उपचार गर्नुहुन्छ । तर उहाँहरूसँग आधुनिक प्राविधिक ज्ञान छैन । रोगको पहिचान र निदान गर्न समस्या भइरहेको छ,' उनी भन्छन्, 'हामीले गरेको एक अध्ययनले भरतपुर महानगरपालिका भित्रका करिब ८० प्रतिशत पशु सेवा प्राविधिकहरूलाई परजीवीको संक्रमण जाँच गर्ने आधुनिक प्रविधिबारे ज्ञान छैन ।' बाखाको आँखाको रंग हेरेर उसमा परजीवीको संक्रमण कस्तो छ भन्ने थाहा पाउन सकिन्छ । अमेरिकामा धेरै वर्षदेखि प्रयोग गर्ने गरिएको संक्रमणको अवस्था पत्ता लगाउने सहयोग गर्ने 'फामाचा कार्ड' बारे प्राविधिकहरूलाई सिकाउन थालिएको भट्टराईले बताए । 'यो कार्ड हेरेर पशु स्वास्थ्य प्राविधिकहरूले बाखामा रक्तअल्पताको समस्या कुन स्तरको छ भन्ने कुरा पत्ता लगाउन सक्छन्। रक्तअल्पताले समस्याग्रस्त भइसकेपछि बल्ल औषधि दिने चलन छ। यसले मृत्युदर बढिरहेको छ,' उनले भने, 'अहिलेसम्म त कति किलोको छ सोधेर त्यसको आधारमा सोलोडोलोमा औषधि दिने गरिन्थ्यो । उपचार ढिलो हुँदा बाखा मर्ने खतरा बढी थियो ।' उनले समयमै रोगको पहिचान नहुँदा सामान्य रोगले पनि पशु चौपायको मृत्यु हुने समस्या रहेको बताए । भट्टराईका अनुसार फामचा कार्डको प्रयोग नेपालमा केही व्यावसायिक फार्म र अनुसन्धान केन्द्रमा भए पनि सामान्य किसानले पालेका बाखामा हुन सकेको छैन। नेपालमा बाखाको मृत्यु दर ५ वर्षअघि ४ प्रतिशतमात्रै थियो । अहिले बढेर १०-११ पुगेको छ । बाह्य परजीवीको नियन्त्रण सरसफाइ, सुरक्षित गोठ, खोरले गर्न सकिने तर आन्तरिक परजीवीको संक्रमण बढी खतरापूर्ण हुने भएकाले पशु स्वास्थ्य प्राविधिकलाई दक्ष बनाउनुपर्ने आवश्यकता रहेको भट्टराई बताउँछन् । यिनै विषयलाई ध्यानमा राखेर कृषि तथा वन विज्ञान विश्वविद्यालय, निरन्तर शिक्षा केन्द्रले अहिले भरतपुर महानगर क्षेत्रमा पशु स्वास्थ्य सेवा प्रदान गरिरहेका प्राविधिकहरूलाई यु.एस.ए.आइ.डी. कृषि उच्च शिक्षा परियोजनाको सहयोगमा भेडाबाखामा परजीवी नियन्त्रण प्रविधि तालिम दिएको छ । प्राविधिकहरूलाई साना उग्राउने पशु (भेडा, बाखा, खसी, बोका, च्याङ्ग्रा) हरूमा लाग्ने परजीवी, तिनको प्रकोप र रोकथामसम्बन्धी आधुनिक प्राविधिक ज्ञान र सीपको विकास गर्न लागिएको निरन्तर शिक्षा केन्द्रका निर्देशकसमेत रहेका डा.निराजन भट्टराईले बताए । कृषि तथा वन विज्ञान विश्वविद्यालय सेवा आयोगका अध्यक्ष प्रा.डा.कल्याणी मिश्र त्रिपाठीले पशुमा लाग्ने रोगले बाली बिरूवा र मानव स्वास्थ्यमा समेत असर पुऱ्याउने बताइन् । 'पशुपंक्षीको स्वास्थ्य व्यवस्थापनका लागि प्राविधिकहरूको क्षमता विकास गर्नु आवश्यक छ,' उनले भनिन्, 'कृषि तथा वन विज्ञान विश्वविद्यालयले प्राविधिकहरूलाई दिने तालिमले यसमा महत्वपूर्ण योगदान दिन्छ ।' यु.एस.ए.आइ.डी. कृषि उच्च शिक्षा परियोजनाका राष्ट्रिय व्यवस्थापक डा.केशवप्रसाद प्रेमीले नेपालमा भेडाबाखामा लाग्ने आन्तरिक तथा बाह्य परजीवीको कारण मासु उत्पादन र उत्पादकत्व घट्ने र उत्पादन लागत बढ्ने अवस्थाले उत्पादक कृषकहरू आर्थिक मारमा परिरहेको बताए । 'विशेष किसिमको प्राविधिक क्षमता विकास तालिमले आगामी दिनमा भेडा बाखाको उत्पादकत्व बढाउन र उत्पादन लागत घटाई कृषकहरूको आयआर्जनमा वृद्धि गर्न विशेष योगदान दिने छ,' डा. प्रेमीले भने । कृषि तथा वन विज्ञान विश्वविद्यालय, पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान संकायअन्तर्गत भेटेरीनरी सूक्ष्म जीव तथा परजीवी विज्ञान विभागका उपप्राध्यापक डा. चेतराज पाठकले भेडाबाखामा लाग्ने मुख्य आन्तरिक तथा बाह्य परजीवीहरूको जीवनचक्र, निदान, उपचार तथा रोकथाम, माइक्रोस्कोपको प्रयोग गरी परजीवीको अण्डा पहिचान तथा गणना, परजीवीको प्रकोप नियन्त्रणमा फामाचा प्रविधिको प्रयोग, फामाचा विधिबाटै परजीवी प्रतिरोधक भेडा बाखाको पहिचान र छनोट, परजीवी नियन्त्रक औषधीको प्रकार, मात्रा निर्धारण र सोको प्रयोग विधी लगायत विषयवस्तुहरूमा सैद्धान्तिक प्रशिक्षण तथा प्रयोगात्मक अभ्यास गराइने बताए । नेपालमा चार जातिका रैथाने बाखाहरू छन्। हिमाली क्षेत्रमा च्याङग्रा, उच्च पहाडी क्षेत्रमा सिन्हाल, मध्यपहाडी क्षेत्रमा खरी र तराईमा तराई बाखा पाइन्छन् । मध्यपहाड र तराईमा पालिने बाखाको संख्या बढी छ । १ प्रतिशत च्यांग्रा, १७ प्रतिशत सिन्हाल, ५१ प्रतिशत खरी र बाँकी तराई बाखा रहेको भट्टराईले बताए । बोयर, जमुनापारी, बारबारी, सिरोही जातका विकासी बाखा पनि नेपालमा छन् । विभिन्न देशबाट ल्याइएका यी जातका बोकालाई रैथानी बाखासँग क्रस गरेर हाइब्रिड बाखा पनि उत्पादन भइरहेको छ ।

**-सेतोपाटी डटकम**

# पाल्पामा नेपाल वडासंघ गठन




**पाल्पा,** असोज १३/ पाल्पामा नेपाल वडासंघ गठन भएको छ । तानसेनमा भएको जिल्लाका वडा अध्यक्षहरुको भेलाले वडासंघ गठन गरेको हो ।

जसको अध्यक्षमा तानसेन नगरपालिका -९ का वडा अध्यक्ष राजेशकुमार अर्याल रहेका छन् । संघको उपाध्यक्षमा दिवाकर देवकोटा र रामबहादुर रावल, सचिवमा थानेश्वर तिमिल्सेना, कोषाध्यक्ष इन्द्रा चिदी, सहसचिव राजकुमार पन्थी रहेका छन् । सदस्यहरूमा दामोदर पाठक, नविन्द्र थापा सोती, निरबहादुर सारु, ईश्वर काृले, युगबहादुर ठाडा, ओमप्रकाश गैरे, सागरमान महर्जन, चिरञ्जीवी पोखरेल, यादव अर्याल, गोविन्द रायमाझी रहेका छन् । जिल्लामा ८१ वटा वडा रहेका छन् । सबै दलहरूमा आवद्ध वडाध्यक्षहरू संघमा आवद्ध रहेका छन् । वडाध्यक्षहरूको हकअधिकार स्थापित गर्नका लागि साझा संगठनको रुपमा संघ गठन गरिएको नवनिर्वाचित अध्यक्ष राजेश कुमार अर्यालले बताए । यसलाई संस्थागत गर्दै राष्ट्रिय वडा महासंघको रुपमा विस्तार गर्ने योजना रहेको उनले बताए । भेलाले १५ बुँदे घोषणापत्र समेत जारी गरेको छ । घोषणापत्रमा पाल्पा जिल्लाका सम्पुर्ण वडाध्यक्षहरू पूर्णरुपमा इमान्दार, निष्ठा र सेवा भावका साथ काम गर्ने प्रतिवद्धता जनाइएको छ ।

# आज जेष्ठ नागरिक दिवस मनाइँदै

**पाल्पा,** असोज १३/आज ३३ औं अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदै छ । 'सबै पुस्ताका लागि जेष्ठ नागरिकको मानवअधिकार बारे विश्वव्यापी घोषणा गरिएका वाचा पुरा गरौं' भन्ने अन्तर्राष्ट्रिय नाराका साथ दिवस मनाउन लागिएको हो ।

संयुक्त राष्ट्र संघको आह्वानमा सन् १९९० देखि अक्टोबर १ लाई संसारभर नै अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवसका रुपमा मनाउने गरिन्छ । जेष्ठ नागरिकहरुलाई सम्मान र अधिकारमा पुहँच पुऱ्याउने उद्देश्यसाथ विश्वभर यो दिवस मनाइन्छ । नेपालमा डेढ दशकदेखि जेष्ठ नागरिक दिवस मनाउन थालिएको हो । पछिल्लो केही वर्षदेखि जेष्ठ नागरिकका हक अधिकारमा उल्लेख्य प्रगति हुँदै गए पनि समाजमा जेष्ठ नागरिकलाई अपमान गर्ने घट्ना भने बढिरहेका छन् । ज्येष्ठ नागरिकमाथि आपसी विश्वासघात, शारीरिक वा मनोवैज्ञानिक क्षति, आर्थिक बेवास्ता, यौनजन्य दुर्व्यवहार, बेवारिस पार्नु र अधिकारका लागि सडकमा उत्रन बाध्य हुनु प्रमुख समस्याका रूपमा देखिएको छ । सरकारले २०५१ सालदेखि मासिक जेष्ठ नागरिक भत्ता दिर्दै आएको छ । जेष्ठ नागरिक परिचयपत्र वितरण गरी सार्वजनिक सवारीसाधनमा जेष्ठ नागरिकका लागि दुईवटा सिट आरक्षण गरिएको भाडामा ५० प्रतिशत छुट दिने व्यवस्था छ । तर सहज रुपमा कार्यान्वयन हुन सकिरहेको छैन् । सरकार स्वयंले जेष्ठ नागरिकलाई दिइएका सुविधा र सुरक्षा पर्याप्त छैन । संविधानमा जेष्ठ नागरिकको हक सम्बन्धी व्यवस्थालाई मौलिक हकको रूपमा राखिएको छ । सार्वजनिक यातायातमा सहुलियत, सरकारी अस्पतालमा बेड छुट्याउने, सेवाप्रदायक निकायबाट विशेष सुविधा दिने व्यवस्था, केन्द्रीय जेष्ठ नागरिक कल्याण कोषको स्थापना गरी असहाय, दुर्व्यवहारबाट पीडित जेष्ठ नागरिकलाई राहत, सुरक्षा र स्वास्थ्य उपचार प्रदान जस्ता व्यवस्था गरिएको छ । तर ति व्यवस्थाबाट धेरै जेष्ठ नागरिक बञ्चित हुनु परेको छ । मातृ देवो भव, पितृ देवो भव भनिए पनि आमरूपमा घर-घरमा आमाबुबा अपहेलित जीवन जिउन बाध्य छन् । स्कुल र कलेजको पाठ्यसामग्रीमा जेष्ठ नागरिकप्रति गर्नुपर्ने सम्मानको विषय समावेश गरिनुपर्ने आवाज समेत उठेको छ । तर सरकारले त्यसतर्फ ध्यानै दिएको छैन् ।


लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय
पर्यटन विकास परिषद्
बुटवल, रुपन्देही नेपाल

## तालिम सञ्चालन सम्बन्धी सूचना

**प्रकाशित मिति: २०८०/०६/१४**

पर्यटन विकास परिषद्, लुम्बिनी प्रदेश र नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (नाथम) को आयोजनामा देहाय बमोजिमको तालिम सञ्चालन गरिने हुँदा इच्छुक तथा योग्य नेपाली नागरिकहरुले मिति २०८० साल असोज २० गते भित्र तपसिल बमोजिमका मापदण्डका अधिनमा रहि दरखास्त पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स | तालिमको नाम | तालिम हुने समय र स्थान | संख्या |
|---|---|---|---|
| १ | ७ दिने लोकल टुर गाईड तालिम (7 days Local Tour Guide) | बिहान ८:३० देखि बेलुकी ५:०० बजे सम्म, पाल्पा तानसेन | ४० जना |

**नोट :**
- निवेदन फारम पर्यटन विकास परिषद्को कार्यालय बुटवल, अथवा घरेलु तथा साना उद्योग कार्यालय पाल्पाबाट उपलब्ध गराइनेछ अथवा email मार्फत प्राप्त गर्न सकिने छ । तालिम असोज २१, २०८० देखि सञ्चालन गरिने छ ।
- प्रशिक्षार्थी १८ वर्ष उमेर पुगेको र नेपाली नागरिक हुनुपर्ने छ ।
- प्रशिक्षार्थीको शैक्षिक योग्यता कम्तिमा १० कक्षा अथवा १०+२ पास गरेको हुनुपर्नेछ । प्रशिक्षार्थी अनिवार्य रुपमा तालिम अवधिभर उपस्थित हुनुपर्ने छ ।
- प्रशिक्षार्थीले अनुसूची १ बमोजिम फारम भरि नागरिकता, शैक्षिक प्रमाणपत्र,२ प्रति पासपोर्ट साइजको फोटो तथा अन्य कागजातहरुको प्रतिलिपि उपलब्ध गराउनुपर्ने छ ।
- अन्तिम छनौट पश्चात प्रशिक्षार्थिले नाथममा रजिष्ट्रेशन र प्रमाणपत्र बापत रु ७५० नाथमको खातामा रकम जम्मा गर्नुपर्नेछ ।
- तालिम अवधिभर खाना र खाजाको व्यवस्था परिषद्बाट उपलब्ध हुनेछ । सो भन्दा बाहेक अन्य कुनै भत्ता उपलब्ध हुने छैन र अन्य थप शुल्क पनि लाग्ने छैन ।
- थप जानकारीका लागि : ०७१-५९१२२० वा Email – tdclumbini@gmail.com


## खेलकुद समाचार

# नेपाल पब्जीको सेमिफाइनलमै रोकियो



**काठमाडौं,** असोज १३/नेपालको पब्जी टोली १९ औं एसियाली खेलकुद अन्तर्गत पिस एलिटको सेमिफाइनल चरणमा रोकिएको छ ।

शनिबार बिहान भएको सेमिफाइनलमा नेपाल तेस्रो स्थानमा रहेपछि फाइनल पुग्न सकेन । नेपालले समूहमा जापानलाई पछि पारेको छ । यो समूहबाट दक्षिण कोरिया र चाइनिज ताइपेई शीर्ष दुईमा रहेर फाइनलमा पुगेका छन् । नेपालले ५४ मिनेट ३३ सेकेन्ड समयमा ४ राउण्ड सकेको थियो । जापानले ५४ मिनेट ४२ सेकेन्ड समय लगायो । कोरियाले ५० मिनेट ३७ सेकेन्ड तथा ताइपेईले ५२ मिनेट १९ सेकेन्ड लगाएको थियो । पहिलो राउण्डमा तेस्रो भएको नेपाल दोस्रो राउण्डमा अन्तिम रहेको थियो । तर त्यसपछि दुवै राउण्ड नेपालले तेस्रो स्थानमा रहेर पूरा गऱ्यो ।

## कर्पोरेट/अर्थ समाचार

# रेसुङ्गा-काठमाडौं उडान समय परिवर्तन

**गुल्मी,** असोज १३/रेसुङ्गा विमान स्थलबाट उडान हुने गुल्मी-काठमाडौंको समय तालिका परिवर्तन गरिएको छ । गुल्मीबाट प्रत्येक हप्ताको मंगलबार र शुक्रबार नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स) ले उडान भर्दै आएकोमा अहिले विविध कारण देखाउँदै समय तालिका परिवर्तन गरेको हो ।

मंगलबार यात्रुको संख्यामा कमी आएपछि उडानको समय तालिका नै फेरबदल गर्नु परेको बताइएको छ । समय तालिकमा परिवर्तन भएसँगै अबदेखि रेसुङ्गा विमानस्थलबाट हप्ताको बुधबार र शुक्रबार मात्र उडान हुने छ । यसअघि निगमले मंगलबार रेसुङ्गा विमानस्थलबाट एक जना यात्रु लिएर काठमाडौं गएको थियो । गुल्मीमा मंगलबारको दिन अधिकांस यात्रुहरु घरबाट लामो यात्रामा ननिस्कने भएकाले पनि उक्त बार यात्रुको संख्यामा कमी भएको निगमको ठहर छ । जसका कारण पनि स्थानीयको मनोभावना अनुसार निगमले समय परिवर्तन गरी बुधबार सारेको हो । निगमको १८ सिट क्षमताको जहाजले हप्ताको प्रत्येक बुधबार बिहान साढे ६ बजे काठमाडौंबाट रेसुङ्गा र बिहान साढे ७ बजे रेसुङ्गाबाट काठमाडौँका लागि उडान गर्ने गरी समय निर्धारण गरेको छ । निगमको १८ सिट क्षमताको जहाजले उडान गरिरहेको छ । एयरलाइन्सले पछिल्लो समय सरकारले भ्याट लगाएसँगै भाडादर वृद्धि समेत गरेको हो । जसमा नयाँ भाडादरअनुसार रेसुङ्गादेखि काठमाडौं ७ हजार ८० रुपैयाँ र काठमाडौंदेखि रेसुङ्गा ७ हजार २ सय ८० रुपैयाँ एयरलाइन्सले भाडादर कायम गरेको छ । काठमाडौंबाट रेसुङ्गा विमानस्थल सम्मको दुरी ५० मिनेटको रहेको छ । रेसुङ्गा विमानस्थल रेसुङ्गा नगरपालिकाको वडानम्बर-१० को सिमीचौरमा पर्दछ । जिल्ला सदरमुकाम तम्घासबाट करिव ५ मिलोमिटर कच्चीबाटोबाट विमानस्थल पुग्न सकिन्छ । विमानस्थलमा २०७५ जेठ २५ गते तारा एयरको जहाजले धुले उडान गरेको थियो । रेसुङ्गा विमानस्थल धावनमार्गको ५ सय २० मिटर लम्बाइ र चौडाइ २० मिटर छ । १ सय ५६ रोपनी क्षेत्रफलमा विमानस्थल फैलिएको छ ।

# पाल्पामा स्थानीय तह कर्मचारी मञ्च गठन



**पाल्पा,** असोज १३/पाल्पामा स्थानीय तह कर्मचारी मञ्च गठन भएको छ । जिल्लाका १० वटै स्थानीय तहमा सेवारत कर्मचारीहरुको तानसेनमा भएको भेलाले कर्मचारी मञ्च गठन गरेको हो ।

भेलाले तानसेन नगरपालिकाका शिव शर्माको संयोजकत्वमा ११ सदस्यीय मञ्च गठन गरेको छ । जसको सह- संयोजकत्वमा सरोज काफ्ले (निस्दी), सचिवमा विकल काफ्ले (रामपुर), कोषाध्यक्षमा शर्मिला न्यौपाने (बगनासकाली), सह सचिवमा काशिनाथ आचार्य (रिब्दीकोट) रहेका छन् । यस्तै मञ्चको सदस्यमा किशोर खानाल (रैनादेवी छहरा), कमल श्रीस (रिब्दीकोट), विशाल ओली (तानसेन), नारायण तिमिल्सीना (बगनासकाली), प्रमोद भट्टराई (माथागढी), तिलक जिसी(तिनाउ), धनीकला थापा(रम्भा), विक्रम बस्नेत (रामपुर), शर्मीला चौधरी (पूर्वखोला) विमला आचार्य (निस्दी) रहेको बगनासकाली गाउँपालिकाका नारायण तिमिल्सीनाले जानकारी दिए । यस्तै भेलाले मञ्चको सल्लाहकार संयोजकमा विनोद नेपाल, सल्लाहकार सदस्यहरुमा अर्जुन खनाल, सुजन घिमिरे, शिव आत्रेय, कोपीला न्यौपाने र हरी प्रसाद पराजुलीलाई चयन गरेको छ । नवगठित मञ्चले सबै स्थानीय तहमा पालिका स्तरीय मञ्च गठन गर्ने, स्थानीय तहमा कर्मचारीहरुको सरुवा, बढुवा, स्तर वृद्धि लगायतका विषयमा काठमाडौंमा भइरहेको आन्दोलनमा एकयवद्धता जनाउने, कर्मचारीहरुका समस्या समाधानका लागि प्रमुख जिल्ला अधिकारीमार्फत सरकारको ध्यानाकर्षणका लागि ज्ञापनपत्र बुझाउने, कर्मचारीहरुको वृद्धि विकासमा योगदान पुऱ्याउने जस्ता कामहरु गर्ने बताइएको छ ।


मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



## सूचना ! सूचना !! सूचना !!!

यस लक्ष्मी बचत तथा ऋण सहकारी सस्था लि.को २१ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**मिति : २०८०/०६/२७ गते शनिबार**
**स्थान : बाल मन्दिर**
**समय : दिनको १२:३० बजे**

अनुरोध
हरि रायमाझी
अध्यक्ष
**लक्ष्मी बचत तथा ऋण सहकारी सस्था लि.**
तानसेन-४, मखनटोल, पाल्पा (दरबार गेट अगाडि)
सम्पर्क नम्बर : ०७५-५२१६५९



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई